"पाँचखाल नगर-कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. (Ref. No.):- ०८०/८१

च. सं. (Dispatch No.):-

मिति: २०८०/१२/१२

ने.सं. ११४४, चिल्लाथ्व १५ सोमबार

## धान बालीको उन्नत बीउ माग गर्ने बारेको सूचना!

प्रस्तुत विषयमा यस पाँचखाल न.पा.को चालु आ.ब. २०८०/८१ को सङ्घीय ससर्त कार्यक्रम अन्तर्गत खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम "बीउ बिजन उत्पादन, आपूर्ती तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता किसानलाई मूल्य अनुदान हुने व्यवस्था रहेकाले यस पालिकाका कृषकहरुले आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लिखित धान बालीको जात र परिमाण खुलाई मिति २०८१/०१/०२ सम्ममा यस पाँचखाल न.पा.को कृषि तथा सहकारी शाखामा वा आफू सम्बद्ध वडा कार्यालयमा आवेदन पेस गर्नुहुन अनुरोध गरिन्छ।

अनुदान विवरण: बीउ बिजन आपूर्ती तथा व्यवस्थापन समितिबाट कायम गरिएको मूल्य धानको मोटो मध्यम जात ६० प्रति केजी, मसिनो जात ६५ प्रति केजी, खुमल श्रृङ्खला मसिनो र बासनादार जात प्रति केजी ९५ प्रति केजीमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ),(ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५० % अनुदान।

तपसिल

धान बालीको विवरण

| क्र.सं. | जात | बीउको प्रकृति | सिफारिस बर्ष (वि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता |
|---|---|---|---|---|---|
| १ | सावित्री | मोटो/मध्यम | २०३६ | १४० | ४ मे. टन प्रति हे. |
| २ | खुमल ४ | खुमल श्रृङ्खला मसिनो बासनादार | २०४४ | १४४ | ६.३ मे. टन प्रति हे. |
| ३ | खुमल १० | खुमल श्रृङ्खला मसिनो बासनादार | २०६८ | १३६ | ४.७८ मे. टन प्रति हे. |
| ४ | खुमल १२ | खुमल श्रृङ्खला मसिनो बासनादार | २०७८ | १४६ | ४.७२ मे. टन प्रति हे. |
| ५ | खुमल १४ | खुमल श्रृङ्खला मसिनो बासनादार | २०७८ | १४१ | ४.८१ मे. टन प्रति हे. |
| ६ | हर्दिनाथ ६ | मसिनो | २०७८ | १३५ | ५.२१ मे. टन प्रति हे. |

आवश्यक कागजातहरु:

१. कार्यक्रम माग गर्ने पालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
२. धान बाली लगाइने जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी।
३. कृषक समूह/सहकारी/फर्मको हकमा दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, पान नं को प्रतिलिपी र कर चुक्ताको प्रतिलिपी।
४. समूह/सहकारी/फर्मको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपी।

नोट: धानको बीउ मागको आधारमा आपूर्ती गरिने भएको हुँदा अपर्याप्त माग आएका धानको बीउको जात आपूर्ती हुन नसक्ने व्यहोरा जानकारी गराउँदछौं ।

..........................
(सूर्य प्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

निवेदनको ढाँचा

मिति:      /     /

श्री कृषि तथा सहकारी शाखा,
पाँचखाल नगरकार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

विषय: धान बालीको उन्नत बीउ माग सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८०/१२/१२मा प्रकाशित सूचना बमोजिम पाँचखाल नगरपालिकाद्वारा सञ्चालित सङ्घीय ससर्त कार्यक्रम खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत धान बालीको उन्नत बिउ माग गर्न भनिएकोमा तपसिलको बेहोरामा उल्लिखित धानको बीउ उपलब्ध गराई पाउँ भनि यो निवेदन पेस गर्दछु।

<u>तपसिल</u>

| क्र.सं. | धानको जात | परिमाण(के.जीमा) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

निवेदक

नाम/थर-

संस्थाको नाम-

पद-

छाप-

ठेगाना-

सम्पर्क नं-